आज मिति २०७५।१२।२३ गते यस हलेसी तुवाचुङ नगरपालिकाको नगर कार्यपालिकाको १३ औं बैठक नगरपालिकाको कार्यालयमा नगर प्रमुख श्री इबन राईज्यूको अध्यक्षतामा बसी निम्नानुसारको निर्णयहरु गरियो ।

| क्र.स. | पदाधिकारीको नाम | पद | ठेगाना | सम्पर्क नं. | हस्ताक्षर |
|---|---|---|---|---|---|
| ०१ | इबन राई | नगर प्रमुख | ह.तु.न.पा. ६ | ९८५१००२८७१ | |
| ०२ | बिमला राई | नगर उप-प्रमुख | ह.तु.न.पा. ३ | ९८४२९७४५७१ | |
| ०३ | रुद्र कुमार राई | वडा अध्यक्ष | ह.तु.न.पा. १ | ९८४२८०८५८४ | |
| ०४ | धीरकुमार खड्का | वडा अध्यक्ष | ह.तु.न.पा. २ | ९८५२८४१९३४ | |
| ०५ | भक्तराज राई | वडा अध्यक्ष | ह.तु.न.पा. ३ | ९८४२९०५४६३ | |
| ०६ | किशोर कुमार बस्नेत | वडा अध्यक्ष | ह.तु.न.पा. ४ | ९८०८११९९५८ | |
| ०७ | रमेश तिवारी खत्री | वडा अध्यक्ष | ह.तु.न.पा. ५ | ९८५१२१५३३० | |
| ०८ | रमेश कुमार राउत | वडा अध्यक्ष | ह.तु.न.पा. ६ | ९८५१००२३५४ | |
| ०९ | चन्द्र राई | वडा अध्यक्ष | ह.तु.न.पा. ७ | ९८६३८४३०६० | |
| १० | पृथ्वीराज राई | वडा अध्यक्ष | ह.तु.न.पा. ८ | ९८४२९५१७३६ | |
| ११ | काशीराज राई | वडा अध्यक्ष | ह.तु.न.पा. ९ | ९८६२६८५२४४ | |
| १२ | ज्ञान बहादुर पुरी | वडा अध्यक्ष | ह.तु.न.पा. १० | ९८१५७५८३४४ | |
| १३ | सन्तोष खत्री | वडा अध्यक्ष | ह.तु.न.पा. ११ | ९८०४७९७२९३ | |
| १४ | निरध्वज वि.क. | दलित सदस्य | ह.तु.न.पा. ७ | ९८०७३२९८६८ | |
| १५ | दिपक कुमार नेपाल | दलित सदस्य | ह.तु.न.पा. २ | ९८४२८०२९१४ | |
| १६ | ज्ञान बहादुर पोख्रेल | [illegible] सदस्य | ह.तु.न.पा. ३ | ९८१२८५७३७१ | |
| १७ | गंगादेवी दाहाल | महिला सदस्य | ह.तु.न.पा. ४ | ९८४२६४३६२८ | |
| १८ | सुमित्रा राई | महिला सदस्य | ह.तु.न.पा. १ | ९८६१११००० | |
| १९ | लक्ष्मीमाया सार्की | महिला सदस्य | ह.तु.न.पा. ८ | ९८१९७१८४१२ | |
| २० | रमा थापा | महिला सदस्य | ह.तु.न.पा. १० | ९८१५५५८५० | |
| २१ | मन्जु कार्की बस्नेत | महिला सदस्य | [illegible] | [illegible] | |
| २२ | अनिल किरांती | प्र.प्र.अ. | ह.तु.न.पा. | | |
| २३ | तारानाथ आचार्य | लेखा अधिकृत | " | | |
| २४ | अशोक आचार्य | लेखापाल | " | | |
| २५ | राजेन्द्र पोखरेल | आ.प्र. | " | ९८४२६४४७१४० | |
| २६ | | | | | |

## प्रस्तावहरु :-

१. हलेसी मन्दिर व्यवस्थापन सम्बन्धमा ।
२. हलेसी मन्दिरको पुजारी सम्बन्धमा ।
३. हलेसी मन्दिरको मुख्य क्षेत्र पुर्ननिर्माण तथा सर्के सम्बन्धमा ।
४.
५. घर नक्सा पास सम्बन्धमा ।
६. मन्दिरको वेब साईट निर्माण सम्बन्धमा ।
७. एफ. एम. कार्यक्रम सम्झौता सम्बन्धमा ।
८. ईन्डर सम्बन्धमा ।
९. जनप्रतिनिधि पुर्‍याउन आर्थिक सहयोग सम्बन्धमा ।
१०. नगरपालिकाको आवधिक योजना सम्बन्धमा ।
११. डाँगिर प्रमाणित सम्बन्धमा ।

निर्णय नं. १ प्रस्ताव नं. १ माथि वृहत छलफल गर्दा विगत १ वर्ष भन्दा अगाडी देखि हलेसी मन्दिर व्यवस्थापन समिति तदर्थ समितिको रुपमा रहेको हुनाले सो समिति नगरपालिका तथा गुठी संस्थानको मातहतमा रहने गरि साथै भविष्यमा नगरपालिकाले जारी गर्ने मन्दिर व्यवस्थापन सम्बन्धि कार्यविधिको अधिनमा रहने गरी तपसिल बमोजिमको समिति ११ छनौट गरी जिल्ला प्रशासन कार्यालय, डिक्टेल, मालपोत कार्यालय र गुठी संस्थानमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

तपसिल समिति

१. अध्यक्ष - श्री हर्कमान राई - ह.तु.न.पा. - ६
२. उपाध्यक्ष - श्री भुपेन्द्र कुमार राई - ह.तु.न.पा. ६
३. सचिव - श्री कमल गिरी - ह.तु.न.पा. ६

४. सह-सचिव - श्री थाम बहादुर राई - ह.तु.न.पा.-६
५. कोषाध्यक्ष - श्री दिलिप राजा गिरी - ह.तु.न.पा.-६
६. सदस्य - श्री सुष्मिता बस्नेत - ह.तु.न.पा.-६
७. सदस्य - श्री कौशिल गिरी - ह.तु.न.पा.-६
८. सदस्य - श्री यज्ञराज राई - ह.तु.न.पा.-६
९. सदस्य - श्री राकेश परियार - ह.तु.न.पा.-६

⇒ प्रमुख सल्लाहकार सदस्य
- श्री जगुरमान राई - ह.तु.न.पा.-६

⇒ सल्लाहकार सदस्य
- श्री लंकेश्वर राई - ह.तु.न.पा.-६
- श्री कुलदिप गिरी - ह.तु.न.पा.-६
- श्री रेवती के.सी. - ह.तु.न.पा.-६

निर्णय नं. २. प्रस्ताव नं. २ माथि छलफल गर्दा हलेसी मन्दिर को पुजारी को सन्दर्भमा सर्वोच्च अदालतको आदेशलाई सम्मान गर्दै हलेसी महादेव मन्दिरमा पुजा गर्ने पुजारीको योग्यता "पुजारीको योग्यता पारिश्रमिक र आचरण सम्बन्धि निर्देशिका २०६८" बमोजिम हुने गरी मलहर गिरी का शिष्य, प्रशिष्य र सन्तानमा उपयुक्त व्यक्ति मध्येबाट २ जना मूल पुजारी नियुक्त गर्ने साथै गोपाल गिरी लाई हाल कै पदमा रहने गरी काम काज गर्ने व्यवस्था मिलाउने तथा मन्दिरको नित्य नैमित्य पुजाको लागी मिश्र, दश संस्कृत वा सो विषयमा पारङ्गत व्यक्ति १ जना नियुक्ति गर्ने सर्वसम्मत निर्णय गरियो साथै मन्दिरको पुजाआजाको समयमा प्राप्त हुने भेटी, घाटी, दान दातव्यमा पुजारीको कुनै अधिकार नरहने र समिति मार्फत उक्त भेटी घाटी व्यवस्थापन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ३ प्रस्ताव नं. ३ माथि वृहत छलफल गर्दा हलेसी महादेव मन्दिरको मुख्य भागको घेराबारा, पुनर्निर्माण, घाटी व्यवस्थापन सम्बन्धमा व्यवस्थित गर्न प्राविधिक सर्भे गर्ने र सो को खर्च नगरपालिका बाट व्यवस्थापन गर्ने साथै पुनर्निर्माण को लागी लाग्ने सम्पूर्ण खर्च मन्दिर व्यवस्थापन समिति र विकास समितीले व्यहोर्ने अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ४ प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा हलेसी महादेव मन्दिरको १०० मिटर वरपर (चारै तिर) कुनै पनि किसिमको मादक पदार्थ बिक्रि वितरण तथा मासु अन्य पदार्थको व्यापार, बिक्री वितरण गर्न रोक लगाउने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ५ प्रस्ताव नं ५ माथि बृहत छलफल गर्दा हलेसी तुवाचुङ नगरपालिका वडा नं. ७ हलेसी बजारको ट्राफिक चोक बाट मल्ल पहाडी लोकमार्ग को दायाँ बायाँ सडक हुँदै होटल हलेसी भिलेज को पछाडी पट्टी रहेको पुरुदेली ~~सडक~~ पदमार्ग हुँदै नरसुङे खोला सम्म र सोही खोला हुँदै तल शालीपोखरी बाट ट्राफिक चोक आउने सडक भित्रको क्षेत्र भित्र कुनै पनि घर, नक्सा पास तथा सिफारीस नदिने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं ६ प्रस्ताव नं. ६ माथि छलफल गर्दा हलेसी महादेव मन्दिरको हुँदै web site निर्माण गर्ने र अन्य अनधिकृत वेव साइटहरु बन्द गर्न लगाउने साथै होटल व्यवसायीहरु संग समन्वय गरि सुचना केन्द्रको माध्यमबाट यसको संचालन गर्ने सर्वसम्मत निर्णय गरियो।

निर्णय नं. ७ प्रस्ताव नं. ७ माथि छलफल गर्दा हलेसी तुवाचुङ नगरपालिकाको गतिविधि लाई आम जनता लाई जानकारी दिने उद्देश्यले हिमाल एफ. एम. खोटाङ संग हाम्रो हलेसी हाम्रो हलेसी कार्यक्रम लाई आगामी आ.व. ०७५/७६ बाट शुरुवाति हुने गरी सम्झौता गर्ने निर्णय गरियो।

निर्णय नं. ८ प्रस्ताव नं. ८ माथि छलफल गर्दा यस नगरपालिकाबाट हाल सम्म टेन्डर मार्फत खरीद गरिएका सामाग्रीहरु सम्बन्धि कार्यपालिका बैठकमा जानकारी गराईयो।

निर्णय नं. ९ प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस नगरपालिकाका जन प्रतिनिधिहरु भवितव्यमा परी दुर्घटना भए र गम्भिर स्वास्थ्य स्थिति भएमा उपचार सहयोग खर्च बापत गम्भिरताको आधारमा बढीमा रु २५०००/- (पच्चीस हजार) रुपैयाँमा

सम्म डाक्टरको रिपोर्ट हेरी उपलब्ध गराउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १० प्रस्ताव नं. १० माथि छलफल गर्दा यस नगरपालिकाको आवधिक योजना निर्माणको लागि प्रदेश सरकार संग सहयोग माग गर्ने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. ११ प्रस्ताव नं. ११ माथि छलफल गर्दा वडागत कर्मचारी हाँजिरी प्रमाणितलाई अझ प्रभावकारी रुपमा लैजान बेला बेलामा विद्यालय तथा अन्य कार्यालयको अनुगमन गर्ने तथा विद्यालय व्यवस्थापन समितिको समन्वयमा हाँजिरी प्रमाणित लाई प्रभावकारी बनाउने सर्वसम्मत निर्णय गरियो ।

निर्णय नं. १२ प्रस्ताव नं. १२ माथी छलफल गर्दा छथर गाउँपालिका तेह्रथुममा हुन लागेको राष्ट्रिय कराते प्रतियोगिता मा यस नगरपालिकाबाट आवश्यक खेलाडी छनौट गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।